# चन्द्रागिरी नगरपालिका बलम्बु, काठमाडौँ

# बागमती प्रदेश, नेपाल

जगदिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत



## लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

आ.व. २०८२/२०८३

परामर्शदाता

रत्न प्रसाद श्रेष्ठ

कृतज्ञता ज्ञापन

मिति: २०८३ साल असार ३

मलाई आर्थिक वर्ष २०८२/०८३ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) तथा लैङ्गिक उत्तरदायी बजेट (GRB) परीक्षण (लेखापरीक्षण) कार्यमा सहभागी हुने अवसर प्रदान गर्नु भएकोमा चन्द्रागिरी नगरपालिकाप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

यस महत्वपूर्ण परीक्षण कार्यमा संलग्न भई स्थानीय तहको योजना, बजेट, नीति तथा कार्यक्रमहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवस्था अध्ययन गर्ने अवसर प्राप्त हुनु मेरो लागि अत्यन्तै मूल्यवान र ज्ञानवर्धक अनुभव रह्यो। यसले मेरो व्यावसायिक क्षमता अभिवृद्धि गर्नुका साथै व्यवहारिक पक्षमा गहिरो बुझाइ प्राप्त गर्न सहयोग पुऱ्याएको छ।

उक्त कार्य सफलतापूर्वक सम्पन्न गर्न आवश्यक मार्गदर्शन, सहयोग, समन्वय तथा सहकार्य प्रदान गर्नु हुने चन्द्रागिरी नगरपालिकाका सम्पूर्ण पदाधिकारी, कर्मचारी तथा सरोकारवालाप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

जगदिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

श्री रत्न प्रसाद श्रेष्ठ

( *परामर्शदाता* )

# विषयसूची


1. परिचय ९
2. **नगरपालिकामा GESI-GRB परीक्षण** (Audit) **को महत्व** ३
3. लैससास परीक्षण आवश्यक हुनुको कारण ४
4. लैससास परीक्षणको प्रयोजन ५
5. परीक्षणले समेट्ने विषयवस्तुहरू ६
6. परीक्षण पद्धति ९
7. लैससास परीक्षण: अङ्क विभाजन प्रक्रिया ११
8. कुल अंक संख्या २२
9. माकुरी जालोको रेखाचित्र २३
10. सकारात्मक पक्ष र सुधारका क्षेत्रहरू २४
11. निष्कर्ष ३२
12. ABBREVIATION ३३



चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

जगदिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

## १. परिचय

नेपालको संविधानले समानुपातिक, समावेशी तथा अर्थपूर्ण सहभागिताका आधारमा विभेदरहित, समानतामूलक र सामाजिक न्याययुक्त समाज निर्माण गर्दै सामाजिक तथा आर्थिक समृद्धि हासिल गर्ने राष्ट्रिय सङ्कल्प व्यक्त गरेको छ। संविधानले प्रत्येक नागरिकलाई मानव मर्यादा र आत्मसम्मानसहित जीवनयापन गर्ने अधिकार तथा नागरिक स्वतन्त्रतालाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ। साथै, मानवअधिकारको संरक्षण, प्रवर्द्धन र कार्यान्वयन गर्दै समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सबै तह तथा निकायमा सहभागिता जनाउने हक प्रत्याभूत गरेको छ।

संविधानका विभिन्न प्रावधानहरूले आर्थिक, सामाजिक, भौगोलिक, प्रशासनिक तथा राजनीतिक रूपमा पछाडि परेका वा पारिएका वर्ग तथा समुदायहरूको संरक्षण, सशक्तीकरण, विकास, सामाजिक सुरक्षा र कानुनी संरक्षण सुनिश्चित गरेका छन्। यस अन्तर्गत विशेषतः महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित तथा पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत समुदाय, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा आर्थिक रूपमा विपन्न खस आर्य समुदायलाई विशेष संरक्षण तथा अवसरको व्यवस्था गरिएको छ।

महिलासम्बन्धी संवैधानिक व्यवस्थाहरूले समान वंशीय अधिकार, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार, राज्यका सबै तहमा सहभागिताको अधिकार, सम्पत्ति तथा पारिवारिक मामिलासम्बन्धी अधिकार, साथै शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाका क्षेत्रमा सकारात्मक विभेदमार्फत विशेष अवसरको सुनिश्चितता गरेका छन्। त्यस्तै, महिला विरुद्ध हुने सबै प्रकारका हिंसा तथा भेदभावलाई कानुनबमोजिम दण्डनीय अपराधका रूपमा व्यवस्था गरी महिला अधिकारको संरक्षण र प्रवर्द्धनलाई संवैधानिक रूपमा प्रत्याभूत गरिएको छ।

संविधानले परिकल्पना गरेको समतामूलक, समावेशी र न्यायपूर्ण समाज निर्माणका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) लाई विकास प्रक्रियाको मूल आधारका रूपमा आत्मसात गर्नु अपरिहार्य छ। GESI ले महिला तथा सीमान्तकृत वर्ग र समुदायहरूको अर्थपूर्ण सहभागिता, अवसरमा समान पहुँच, लाभको न्यायोचित वितरण तथा निर्णय प्रक्रियामा प्रतिनिधित्व सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

त्यसैगरी, लैङ्गिक उत्तरदायी बजेट परीक्षण (Gender Responsive Budget Audit - GRB Audit) सार्वजनिक नीति, योजना, कार्यक्रम तथा बजेटले महिला, पुरुष तथा विभिन्न सामाजिक समूहहरूमा पारेको प्रभावको मूल्याङ्कन गर्ने प्रभावकारी उपकरण हो। GRB Audit ले स्रोतसाधनको न्यायपूर्ण वितरण, सार्वजनिक सेवामा समान पहुँच, उत्तरदायित्व र पारदर्शिता अभिवृद्धि गर्नुका साथै विकासका प्रतिफलहरू लक्षित वर्गसम्म पुगे–नपुगेको अवस्था विश्लेषण गर्न सहयोग पुर्‍याउँछ। यसले संस्थागत नीति, कार्यक्रम र बजेटलाई लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट पुनरावलोकन गरी सुधारका क्षेत्र पहिचान गर्न मद्दत

गर्ने भएकाले संविधानद्वारा परिकल्पित सामाजिक न्याय, समानता र समावेशी विकासको लक्ष्य हासिल गर्न महत्वपूर्ण साधनका रूपमा स्थापित भएको छ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू: नेपालले लैङ्गिक समानता, महिला सशक्तीकरण तथा सामाजिक समावेशीकरणलाई राष्ट्रिय विकासको आधारभूत मूल्यका रूपमा आत्मसात गर्दै विभिन्न अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, घोषणा तथा कार्यमञ्चहरूप्रति आफ्नो प्रतिबद्धता व्यक्त गरेको छ। ती अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्षराष्ट्रका रूपमा नेपालले तिनमा निहित सिद्धान्त, मूल्य र दायित्वहरूको कार्यान्वयन गर्ने कानुनी तथा नीतिगत जिम्मेवारी वहन गर्दछ। सन्धि ऐन, २०४७ को दफा ९(२) बमोजिम नेपालले अनुमोदन वा सम्मिलित भएका अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिहरूको प्रभावकारी कार्यान्वयन संघ, प्रदेश तथा स्थानीय तहसहित राज्यका सबै निकायहरूको साझा दायित्व हो।

नेपालले अनुमोदन तथा स्वीकार गरेका प्रमुख अन्तर्राष्ट्रिय दस्तावेजहरूमा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW, १९७९), आदिवासी तथा जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ (१९८९), आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP, २००७), महिला अधिकार तथा लैङ्गिक समानताका लागि बेइजिङ कार्यमञ्च (Beijing Platform for Action, १९९५), दिगो विकास लक्ष्य (SDGs, २०३०), अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (CRPD, २००६), बालअधिकार महासन्धि (CRC, १९८९) तथा सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICERD, १९६५) लगायत रहेका छन्।

यसका अतिरिक्त, महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्र सुरक्षा परिषद्का प्रस्ताव नं. १३२५ र १८२० को प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारले दोस्रो राष्ट्रिय कार्ययोजना, २०७६ कार्यान्वयनमा ल्याएको छ। यी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूले लैङ्गिक समानता, सामाजिक समावेशीकरण, मानवअधिकारको संरक्षण, समान सहभागिता तथा अवसरको सुनिश्चितता गर्दै समावेशी, न्यायपूर्ण र दिगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि मार्गनिर्देशन प्रदान गरेका छन्। साथै, यिनले राज्यका नीति, योजना, कार्यक्रम तथा बजेट प्रणालीमा लैङ्गिक तथा समावेशी दृष्टिकोणको मूलप्रवाहीकरण (mainstreaming) गर्न तथा GESI र GRB Audit जस्ता उत्तरदायी प्रणालीहरूको संस्थागत विकास र कार्यान्वयनलाई थप सुदृढ बनाउने आधार प्रदान गरेका छन्।

<u>राष्ट्रिय लैङ्गिक समानता नीति</u>: राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को प्रभावकारी कार्यान्वयनबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै लैङ्गिक समानतामूलक समाज निर्माणका लागि राज्यका संघीय, प्रादेशिक तथा स्थानीय तीनै तहमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास र सुदृढीकरण आवश्यक रहेको छ। वि.सं. २०६३ देखि कार्यान्वयनमा आएको लैङ्गिक उत्तरदायी बजेट प्रणाली हाल संघ, प्रदेश तथा स्थानीय तहसम्म विस्तार भई संस्थागत हुँदै गएको छ। दिगो विकास लक्ष्य (SDGs) को मर्मअनुसार महिला, बालबालिका, किशोरकिशोरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा

यौनिक अल्पसंख्यक, आदिवासी जनजाति लगायत आर्थिक रूपमा विपन्न तथा सामाजिक रूपमा सीमान्तकृत समुदायहरूको सशक्तीकरण र समावेशी विकासका लागि विभिन्न सामाजिक तथा आर्थिक विकास कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

विकेन्द्रीकरणको सिद्धान्तअनुसार : विकेन्द्रीकरणको सिद्धान्तअनुरूप स्थानीय सरकारहरूले योजना, कार्यक्रम तथा बजेटको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रियामा लैङ्गिक समानता, महिला सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरणका सिद्धान्त र अभ्यासहरूलाई अवलम्बन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। पन्ध्रौँ योजना (२०७६/७७-२०८०/८१) ले संघ, प्रदेश तथा स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत तथा सुदृढ गर्ने रणनीति अवलम्बन गरेको थियो भने सोह्रौँ योजनाले उक्त प्रणालीलाई थप प्रभावकारी बनाउँदै निरन्तरता प्रदान गर्ने नीति लिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी महत्वपूर्ण नीतिगत तथा कानूनी व्यवस्थाहरूलाई आत्मसात गरेको छ। ऐनको दफा ११ बमोजिम गाउँपालिका तथा नगरपालिकालाई ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहाय एवं अशक्त नागरिकहरूको संरक्षण, सशक्तीकरण र व्यवस्थापनसम्बन्धी जिम्मेवारी प्रदान गरिएको छ। त्यसैगरी, दफा २४ मा स्थानीय तहले योजना तथा कार्यक्रम तर्जुमा गर्दा सरकारका नीति, लक्ष्य तथा प्रक्रियासँग तादात्म्य कायम गरी सुशासन, वातावरणमैत्री विकास, बालमैत्री स्थानीय शासन, जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, लैङ्गिक समानता र सामाजिक समावेशीकरणका विषयलाई प्राथमिकताका साथ समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक र आर्थिक रूपमा पछाडि पारिएका वर्ग र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनुपर्ने प्रावधान रहेको छ।

त्यसैगरी, वडा समितिलाई स्थानीय तहको तथ्याङ्क अद्यावधिक गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, विभेद तथा अन्य सामाजिक कुरीतिहरूको न्यूनीकरण एवं अन्त्यका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी तोकिएको छ। यस ऐनले लक्षित वर्ग तथा समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको प्रवर्द्धन र संस्थागत विकासमा विशेष जोड दिएको छ।

प्रदेश तथा स्थानीय तहका लागि तयार गरिएको 'लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७' तथा 'स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७७ (नमूना)' लाई आधार मानी चन्द्रागिरी नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा अवलम्बन गरेका नीति, कार्यक्रम तथा गतिविधिहरूको समीक्षा तथा मूल्याङ्कन गरी तिनले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धनमा पुर्‍याएको योगदानको विश्लेषण गरिएको छ। साथै, प्राप्त निष्कर्ष तथा सिकाइका आधारमा आगामी नीति, योजना तथा कार्यक्रमहरूमा लैससास दृष्टिकोणलाई प्रभावकारी रूपमा

मूलप्रवाहीकरण गर्न आवश्यक सुझावहरू प्रस्तुत गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको हो।

## २. नगरपालिकामा GESI-GRB परीक्षण (Audit) को महत्व

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) र लैङ्गिक उत्तरदायी बजेट (GRB) परीक्षण स्थानीय सरकारका नीति, योजना, कार्यक्रम, बजेट तथा सेवा प्रवाहमा समावेशिता र समानताको अवस्था मूल्याङ्कन गर्ने महत्वपूर्ण प्रक्रिया हो। यसले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आर्थिक रूपमा विपन्न तथा अन्य सीमान्तकृत समुदायको आवश्यकता, पहुँच, सहभागिता र लाभ सुनिश्चित गर्न सहयोग पुर्‍याउँछ।

GESI-GRB परीक्षणले नगरपालिकाले सञ्चालन गरेका कार्यक्रम तथा बजेटहरू लक्षित वर्गसम्म कति प्रभावकारी रूपमा पुगेका छन् भन्ने तथ्यगत जानकारी प्रदान गर्दछ। यसबाट नीति तथा कार्यक्रमका सबल पक्ष, कमजोरी तथा सुधारका क्षेत्रहरू पहिचान गरी आगामी योजना तथा बजेटलाई थप समावेशी, उत्तरदायी र परिणाममुखी बनाउन सहयोग मिल्छ।

यस परीक्षणले सार्वजनिक स्रोतसाधनको न्यायोचित वितरण, सेवा प्रवाहमा समान पहुँच, निर्णय प्रक्रियामा समावेशी सहभागिता तथा सुशासन प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। साथै, संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय लैङ्गिक समानता नीति, दिगो विकास लक्ष्य (SDGs) तथा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयनको अवस्थाबारे वस्तुगत मूल्याङ्कन गर्न समेत मद्दत पुर्‍याउँछ।

GESI-GRB परीक्षणको माध्यमबाट नगरपालिकाले आफ्ना नीति, योजना, कार्यक्रम तथा बजेटमा लैङ्गिक तथा सामाजिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्न, संस्थागत क्षमता अभिवृद्धि गर्न तथा समावेशी विकासको लक्ष्य हासिल गर्न आवश्यक सुधारात्मक कदमहरू पहिचान गर्न सक्छ। यसले स्थानीय शासन प्रणालीलाई थप पारदर्शी, उत्तरदायी, सहभागितामूलक र न्यायपूर्ण बनाउन महत्वपूर्ण आधार प्रदान गर्दछ।

## ३. लैससास परीक्षण आवश्यक हुनुको कारण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणको आवश्यकता स्थानीय शासन प्रणालीलाई समावेशी, उत्तरदायी तथा न्यायपूर्ण बनाउने उद्देश्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ। लैससास परीक्षण निर्देशिका, २०७८ अनुसार स्थानीय तहहरूले आफ्ना नीति, योजना, कार्यक्रम, बजेट तथा संस्थागत व्यवस्थाहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको वर्तमान अवस्थाको मूल्याङ्कन गर्न, सुधार आवश्यक रहेका क्षेत्रहरूको पहिचान गर्न तथा तिनको प्रभावकारी सम्बोधनका लागि उपयुक्त रणनीति तथा कार्ययोजना निर्माण गर्न वार्षिक रूपमा लैससास परीक्षण सम्पन्न गर्नु आवश्यक छ।

स्थानीय तहमा योजना तर्जुमा, छनोट, प्राथमिकता निर्धारण, बजेट विनियोजन, कार्यक्रम कार्यान्वयन तथा अनुगमन–मूल्याङ्कनका सम्पूर्ण चरणहरूमा समावेशी सोच, समान अवसर र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु अपरिहार्य रहेको छ। विशेष गरी महिला, बालबालिका,

चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत

ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समुदायहरूको आवश्यकता, सरोकार र अधिकारलाई विकास प्रक्रियामा समुचित रूपमा समेट्न लैससास दृष्टिकोणको प्रभावकारी मूलप्रवाहीकरण आवश्यक हुन्छ।

वस्ती तथा समुदाय तहबाटै योजना छनोट र निर्णय प्रक्रियामा लक्षित वर्ग तथा समुदायको सहभागिता सुनिश्चित गर्दै विकासका लाभहरूको न्यायोचित वितरण गर्न नियमित परीक्षण तथा मूल्याङ्कन अपरिहार्य हुन्छ। यस प्रकारको परीक्षणले स्थानीय तहका सबल पक्ष, चुनौती तथा सुधारका अवसरहरूको पहिचान गरी समावेशी विकास, सुशासन तथा सामाजिक न्याय प्रवर्द्धनका लागि आवश्यक सुधारात्मक कदमहरू निर्धारण गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ।

लैससास परीक्षणले निम्न कुराहरू सुनिश्चित गर्न मद्दत गर्छ:

- नीति, योजना तथा कार्यक्रमहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सिद्धान्त र अवधारणाहरू कति प्रभावकारी रूपमा समावेश तथा कार्यान्वयन भएका छन् भन्ने विषयको मूल्याङ्कन गर्ने।
- महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अल्पसंख्यक तथा सामाजिक र आर्थिक रूपमा पछाडि पारिएका वर्ग तथा समुदायहरूको विकास प्रक्रियामा सहभागिता तथा कार्यक्रमबाट प्राप्त लाभको स्तरको मूल्याङ्कन गर्ने।
- बजेटको विनियोजन तथा उपयोगमा लैङ्गिक तथा सामाजिक समावेशीकरण दृष्टिकोणको प्रभावकारिता र उत्तरदायित्वको मूल्याङ्कन गर्ने।
- आवश्यक सुधारका क्षेत्रहरूको पहिचान गरी तिनको कार्यान्वयनका लागि उपयुक्त तथा व्यवहारिक सुधारात्मक उपायहरूको सिफारिस गर्ने।

"सुखी नेपाली, समृद्ध नेपाल" भन्ने राष्ट्रिय दीर्घकालीन लक्ष्य प्राप्तिका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) दृष्टिकोणलाई विकास योजना तथा कार्यक्रमहरूको मूलधारमा समावेश गर्नु अब विकल्प मात्र नभई अपरिहार्य आवश्यकता बनेको छ। यस दृष्टिकोणको प्रभावकारी कार्यान्वयनबाट मात्र सबै वर्ग, समुदाय तथा लिङ्गका व्यक्तिहरूको समान सहभागिता, पहुँच, अधिकार तथा सशक्तिकरण सुनिश्चित गर्न सकिन्छ।

यस सन्दर्भमा, चन्द्रागिरी नगरपालिकाले नीति, योजना तथा बजेट निर्माण र कार्यान्वयन प्रक्रियामा लैससासका सिद्धान्तहरू कति हदसम्म समावेश गरिएको छ भन्ने विषयको वस्तुगत मूल्याङ्कन गर्न लैससास परीक्षण आवश्यक हुन्छ। यस्तो परीक्षणले समावेशी अभ्यासहरूको प्रभावकारिता विश्लेषण गर्न, विद्यमान चुनौती तथा कमजोरीहरू पहिचान गर्न, तथा सुधारका उपयुक्त उपायहरू सिफारिस गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ।

## ४. लैससास परीक्षणको प्रयोजन

चन्द्रागिरी नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण सम्पन्न गर्नुका पछाडि विभिन्न महत्वपूर्ण उद्देश्यहरू रहेका छन्, जसले नगरपालिकामा समावेशी,

उत्तरदायी तथा प्रभावकारी स्थानीय शासन प्रणालीलाई सुदृढ बनाउने लक्ष्य राख्दछ। यस परीक्षणले नीति, योजना, कार्यक्रम तथा बजेट प्रक्रियामा लैससास दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्ने प्रयासलाई संस्थागत गर्दै समावेशी तथा न्यायोचित विकास सुनिश्चित गर्न मार्गदर्शन प्रदान गर्दछ।

यस सन्दर्भमा, चन्द्रागिरी नगरपालिकाले लैससास परीक्षण सञ्चालन गर्नुका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- संवैधानिक तथा कानुनी प्रतिबद्धताको पालना: नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा लैससास परीक्षण दिशानिर्देश, २०७८ मा व्यवस्था गरिएका प्रावधानहरूअनुसार चन्द्रागिरी नगरपालिकाले अङ्गीकार गरेका नीतिगत दायित्वहरूको स्व-विश्लेषण तथा मूल्याङ्कन गर्ने।
- कार्यान्वयन अवस्थाको विश्लेषण: नगरपालिकाभित्र लागू गरिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी नीतिहरूको वर्तमान कार्यान्वयन अवस्थाको समग्र मूल्याङ्कन गरी प्राप्त उपलब्धि, विद्यमान चुनौती तथा विद्यमान अन्तरालहरूको पहिचान गर्ने।
- नीति तथा कार्यक्रमको मूलप्रवाहीकरण: नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी विषयहरूलाई रणनीतिक रूपमा समावेश गर्दै तिनको प्रभावकारी मूलप्रवाहीकरण सुनिश्चित गर्ने।
- सबल पक्षहरूको निरन्तरता: सफल, प्रभावकारी तथा उत्कृष्ट अभ्यास र कार्यक्रमहरूलाई संस्थागत गर्दै तिनको निरन्तरता सुनिश्चित गर्नुका साथै थप सुदृढीकरण गर्ने।
- सुधारका क्षेत्रहरूको पहिचान तथा कार्ययोजना निर्माण: विद्यमान कमजोरी तथा सुधार आवश्यक पक्षहरूको पहिचान गरी तिनका लागि उपयुक्त सुधारात्मक कार्ययोजना निर्माण गर्ने तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।
- लैससासमैत्री कानुनी तथा नीतिगत संरचना: नगरपालिकाका ऐन, नियम, निर्देशिका, नीति तथा कार्यक्रमहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मैत्री बनाउने दिशामा आवश्यक सुधार, परिमार्जन तथा सुदृढीकरण गर्ने।
- नीति तथा बजेटमा प्रतिबद्धता: पहिचान गरिएका सुधारात्मक कार्यक्रमहरूको कार्यान्वयन सुनिश्चित गर्न आवश्यक नीति तथा बजेट विनियोजन एवं व्यवस्थापनमा संस्थागत प्रतिबद्धता जनाउने।
- स्थायी परीक्षण प्रणालीको स्थापना: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणलाई संस्थागत गर्दै समावेशी, न्यायपूर्ण तथा उत्तरदायी स्थानीय शासन प्रवर्द्धनका लागि स्थायी प्रणालीको विकास गर्ने।

यसरी, चन्द्रागिरी नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणलाई केवल औपचारिक प्रक्रिया मात्र नभई समावेशी विकास तथा न्यायपूर्ण सेवा प्रवाहको सुदृढ आधारका रूपमा आत्मसात गर्दै सोहीअनुसार कार्यान्वयन गर्ने रणनीति अख्तियार गरेको छ।

जगदिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

## ५. परीक्षणले समेट्ने विषयवस्तुहरू

चन्द्रागिरी नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणका क्रममा नगरपालिकाभित्र कार्यान्वयन भएका नीतिगत, संस्थागत, संरचनागत, प्राविधिक तथा सेवा प्रवाहसँग सम्बन्धित पक्षहरूको विस्तृत तथा वस्तुगत मूल्याङ्कन गरेको छ। परीक्षण प्रक्रियामा लैससास परीक्षण कार्यविधिद्वारा निर्दिष्ट पाँचवटा प्रमुख सूचक तथा तिनअन्तर्गतका विभिन्न उप-सूचकहरूको आधारमा नगरपालिकाको समावेशी शासन प्रणाली, संस्थागत क्षमता, सेवा प्रवाहको पहुँच, सहभागिताको अवस्था तथा लक्षित वर्गमा परेको प्रभावको समग्र विश्लेषण गरिएको छ।

यस परीक्षणले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणबाट नगरपालिकाले हासिल गरेका उपलब्धि, सबल पक्ष, चुनौती, अन्तराल तथा सुधारका सम्भावित क्षेत्रहरूको पहिचान गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ। साथै, परीक्षणबाट प्राप्त निष्कर्षहरूले नगरपालिकाका नीति, योजना, कार्यक्रम तथा बजेट प्रक्रियामा लैससास दृष्टिकोणलाई थप प्रभावकारी रूपमा मूलप्रवाहीकरण गर्न, समावेशी सेवा प्रवाहलाई सुदृढ बनाउन तथा उत्तरदायी, न्यायपूर्ण र समतामूलक स्थानीय शासन प्रणालीको विकासका लागि भावी रणनीति तथा कार्ययोजना निर्माणमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

## (क) नीति, कानून, योजना

यस सूचकले नगरपालिकाको नीति निर्माण, कानुनी तथा संस्थागत व्यवस्था, योजना तर्जुमा प्रक्रिया तथा बजेट व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) दृष्टिकोण कति हदसम्म मूलप्रवाहीकरण गरिएको छ भन्ने विषयको समग्र मूल्याङ्कन गर्दछ।

जगदीश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत

यसअन्तर्गत विशेष रूपमा निम्न पक्षहरूको विश्लेषण गरिन्छः

- नीति तथा कानुनी संरचनामा समावेशिता, समानता तथा लक्षित वर्गको सहभागिता सुनिश्चितताको अवस्था
- योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायहरूको अर्थपूर्ण सहभागिता
- बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सिद्धान्तहरूको प्रभावकारी कार्यान्वयन र सुनिश्चितता

यस सूचकले स्थानीय शासन प्रणालीमा समावेशीता, उत्तरदायित्व तथा न्यायपूर्ण स्रोत वितरणको अवस्था मापन गर्न तथा सुधारका क्षेत्रहरू पहिचान गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ।

## (ख) संस्थागत व्यवस्था

स्थानीय तहको कार्य सञ्चालन, निर्णय प्रक्रिया तथा व्यवस्थापन प्रणालीमा समावेशी प्रतिनिधित्व र यसको प्रभावकारिताको मूल्याङ्कन यस सूचकअन्तर्गत गरिन्छ। यसले स्थानीय शासन प्रणालीमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) दृष्टिकोण कति हदसम्म संस्थागत भएको छ भन्ने विषयलाई समेट्दछ।

यसअन्तर्गत निम्न पक्षहरूको विस्तृत विश्लेषण गरिन्छः

- कर्मचारी, पदाधिकारी तथा जनप्रतिनिधिहरूमा लैङ्गिक, जातीय तथा सामाजिक विविधताको अवस्था।
- कार्यप्रणाली, निर्णय प्रक्रिया तथा सेवा प्रवाहमा समावेशिता र समान अवसरको अवस्था।
- समिति, उपसमिति तथा कार्यदलहरूमा महिला, दलित, आदिवासी जनजाति तथा अन्य सीमान्तकृत समुदायहरूको प्रतिनिधित्वको स्थिति।
- वित्त व्यवस्थापन प्रणालीमा लैससास दृष्टिकोणको समावेशीकरण तथा उत्तरदायित्वको अवस्था।
- तथ्याङ्क संकलन, व्यवस्थापन तथा प्रयोगमा समावेशी दृष्टिकोणको प्रभावकारिता र गुणस्तर।

यस सूचकले नगरपालिकाको संस्थागत संरचना तथा कार्य प्रणाली कति समावेशी, उत्तरदायी र समान अवसरमैत्री छ भन्ने तथ्यगत मूल्याङ्कन गर्न सहयोग पुर्‍याउँछ।

### (ग) मानव संसाधन तथा क्षमता विकास

यस सूचकले स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता विकास, व्यवहार परिवर्तन तथा सामाजिक सचेतना अभिवृद्धिमा केन्द्रित विषयहरूको मूल्याङ्कन गर्दछ। यसले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) दृष्टिकोणलाई व्यवहारमा उतार्न आवश्यक मानव संसाधनको ज्ञान, सीप र व्यवहारगत परिवर्तनको अवस्थालाई समेट्दछ।

जगदिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

यसअन्तर्गत निम्न पक्षहरूको विश्लेषण गरिन्छः

- मानव संसाधन विकास तथा तालिम कार्यक्रमहरूमा पहुँच, सहभागिता र समावेशिताको अवस्था।
- कुप्रथा, लैङ्गिक असमानता तथा लैङ्गिक हिंसाविरुद्ध जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरूको प्रभावकारिता।
- कानुनी साक्षरता तथा अधिकारसम्बन्धी ज्ञानको अवस्था र पहुँच।
- विपद् व्यवस्थापन तथा प्रतिकार्यमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायहरूको समावेशी सहभागिता।

यस सूचकले स्थानीय तहको संस्थागत क्षमता, मानव संसाधनको दक्षता तथा सामाजिक रूपान्तरणप्रतिको प्रतिबद्धताको स्तर मापन गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ।

### (घ) सेवा प्रवाह

यस सूचकले स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराइने सेवा तथा पूर्वाधारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) दृष्टिकोण कति प्रभावकारी रूपमा समावेश गरिएको छ भन्ने विषयको मूल्याङ्कन गर्दछ। यसले सेवामा पहुँच, गुणस्तर तथा लाभको न्यायोचित वितरणको अवस्थालाई विशेष रूपमा समेट्दछ।

यसअन्तर्गत निम्न पक्षहरूको विस्तृत विश्लेषण गरिन्छः

- समावेशी पूर्वाधार विकास तथा लक्षित वर्गमैत्री संरचनाको अवस्था।

- प्रजनन स्वास्थ्य सेवामा महिला तथा अन्य लक्षित समूहहरूको पहुँच र सेवाको गुणस्तर।
- शिक्षा कार्यक्रमहरूमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायहरूको समावेशी सहभागिता।
- खानेपानी तथा सरसफाइ सेवामा सबै वर्ग तथा समुदायहरूको समान पहुँचको अवस्था।
- स्वरोजगार, आयआर्जन तथा बजार व्यवस्थापन कार्यक्रमहरूमा लैससास दृष्टिकोणको प्रभावकारी समावेशीकरण।

यस सूचकले स्थानीय विकास तथा सेवा प्रवाह कति समावेशी, समान अवसरयुक्त तथा न्यायपूर्ण छ भन्ने विषयको वस्तुगत मूल्याङ्कन गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ।

### (ङ) सुशासन तथा उत्तरदायित्व

यस सूचकले स्थानीय तहमा पारदर्शिता, जवाफदेहिता तथा नागरिकसँगको प्रभावकारी सम्पर्क एवं समन्वयको अवस्था कति सुदृढ छ भन्ने विषयको मूल्याङ्कन गर्दछ। यसले सुशासनका आधारभूत सिद्धान्तहरूको कार्यान्वयन तथा सेवा प्रवाहको गुणस्तरलाई समावेशी दृष्टिकोणबाट विश्लेषण गर्दछ।

यसअन्तर्गत निम्न पक्षहरूको विस्तृत मूल्याङ्कन गरिन्छः

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

- समावेशी सुशासन अभ्यास तथा संस्थागत पारदर्शिताको अवस्था
- नागरिकप्रति उत्तरदायित्व, जवाफदेहिता तथा सेवा प्रदायक संस्थाको व्यवहारिक अभ्यास
- सूचना पहुँच, सञ्चार प्रवाह तथा सार्वजनिक जानकारीको उपलब्धताको स्तर
- अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारिता र सहभागितामूलक अभ्यास
- समन्वय, सहकार्य तथा अन्तरसंस्थागत सम्बन्ध विस्तारको अवस्था

यस परीक्षणमार्फत चन्द्रागिरी नगरपालिकाले आफ्नो नीति, योजना तथा सेवा प्रणालीमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सिद्धान्त कति हदसम्म प्रभावकारी रूपमा कार्यान्वयन भइरहेको छ भन्ने विषयको वस्तुगत मूल्याङ्कन गर्न सक्षम भएको छ। यसले आगामी दिनमा सुशासनलाई थप सुदृढ बनाउँदै समावेशी, उत्तरदायी तथा प्रभावकारी स्थानीय शासन प्रणाली विकासका लागि आवश्यक रणनीतिक दिशा निर्देशन प्रदान गर्ने अपेक्षा गरिएको छ।

## ६. परीक्षण पद्धति

चन्द्रागिरी नगरपालिकाले महिला तथा बालबालिका शाखाको संयोजनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण कार्यविधि अनुरूप लैससास परीक्षण प्रक्रिया सफलतापूर्वक सम्पन्न गरेको छ। यस परीक्षणले नगरपालिकाका नीति, योजना, कार्यक्रम, सेवा प्रवाह तथा संस्थागत अभ्यासहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोण कति प्रभावकारी रूपमा मूलप्रवाहीकरण गरिएको छ भन्ने विषयको वस्तुगत मूल्याङ्कन गर्न महत्वपूर्ण योगदान पुर्‍याएको छ। परीक्षण प्रक्रियामा विविध विधिहरूको संयोजनमार्फत तथ्यमा आधारित (evidence-based) विश्लेषण गरिएको छ, जसले समावेशी शासन प्रणालीको वर्तमान अवस्था, सबल पक्ष, चुनौती तथा सुधारका क्षेत्रहरूको पहिचान गर्न मद्दत गरेको छ।

परीक्षणका लागि प्रयोग गरिएका प्रमुख विधिहरू निम्नानुसार छन्:

### (क) दस्तावेजहरूको अध्ययन

पुनरावलोकन प्रक्रियामा चन्द्रागिरी नगरपालिकासँग सम्बन्धित नीतिगत, कानुनी तथा प्रशासनिक दस्तावेजहरूको विस्तृत अध्ययन गरी निर्धारित सूचकहरूका आधारमा वस्तुगत मूल्याङ्कन गरिएको छ। यसले नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी नीति, कार्यक्रम तथा संस्थागत अभ्यासहरूको वास्तविक अवस्थालाई प्रमाणमा आधारित रूपमा विश्लेषण गर्न सहयोग पुर्‍याएको छ।

अध्ययनका क्रममा निम्न प्रमुख दस्तावेजहरूलाई आधार बनाइएको छः

- आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम।
- चन्द्रागिरी नगरपालिकाको विनियोजन ऐन, २०८२/०८३
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी तयार गरिएका नीति, कार्यविधि तथा निर्देशिकाहरू।
- नगरपालिकाको आधिकारिक वेबसाइटमा प्रकाशित प्रतिवेदन तथा सूचनाहरू।
- सम्बन्धित ऐन, कानुन, कार्यविधि, क्षमता विकास योजना, वार्षिक तथा आवधिक योजना, आर्थिक प्रतिवेदन तथा प्रगति प्रतिवेदनहरू।

यस प्रकारको दस्तावेजीय अध्ययनले नगरपालिकाको नीति तथा कार्यान्वयन संरचनामा लैससास दृष्टिकोणको समावेश र प्रभावकारिताको समग्र चित्र प्रस्तुत गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ।

### (ख) अन्तरक्रिया तथा समूह छलफल

परीक्षण कार्यविधिमा समावेश गरिएका सूचकहरूका आधारमा चन्द्रागिरी नगरपालिकाका सम्बन्धित शाखा प्रमुख तथा कर्मचारीहरूसँग अन्तरक्रिया तथा समूह छलफल (FGD) सञ्चालन गरिएको थियो। यस प्रक्रियाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी अभ्यास, अनुभव तथा कार्यान्वयन अवस्थाको गहिरो विश्लेषण गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ।

यस क्रममा निम्न क्रियाकलापहरू सम्पन्न गरिएका थिएः

- सूचकहरूका आधारमा सम्बन्धित शाखाहरूले स्व–मूल्याङ्कन गरी निर्धारित मापदण्डअनुसार अङ्कभार निर्धारण गरेका थिए।
- लैससास सम्बन्धी हालसम्मका सकारात्मक अभ्यासहरू तथा सुधार आवश्यक क्षेत्रहरूको पहिचान गरी समूहगत रूपमा विस्तृत विश्लेषण गरिएको थियो।
- समावेशी कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन गर्दै आगामी सुधारका लागि आवश्यक सिफारिसहरू समूह छलफलमार्फत संकलन गरिएको थियो।

यस प्रकारको अन्तरक्रिया तथा समूह छलफलले नगरपालिकाको लैससास कार्यान्वयनको वास्तविक अवस्था पहिचान गर्न, संस्थागत सिकाइ अभिवृद्धि गर्न तथा भावी रणनीति निर्माणका लागि तथ्यमा आधारित आधार तयार गर्न सहयोग पुर्‍याएको छ।

### (ग) प्रत्यक्ष छलफल

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणको निष्पक्षता, विश्वसनीयता तथा गहिरो मूल्याङ्कन सुनिश्चित गर्न नगरपालिकाका विभिन्न तहका नेतृत्व तथा सम्बन्धित कर्मचारीहरूसँग प्रत्यक्ष संवाद तथा परामर्श गरिएको थियो। यस प्रक्रियाले परीक्षणलाई सहभागीमूलक, तथ्यमा आधारित तथा पारदर्शी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

यस क्रममा निम्न क्रियाकलापहरू सम्पन्न गरिएका थिए:

- नगर प्रमुख, उप–प्रमुख, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरूसँग प्रत्यक्ष भेटघाट तथा छलफल गरिएको।सूचकहरूमा आधारित विषयवस्तुहरूबारे स्पष्ट जानकारी, धारणा, टिप्पणी तथा सुझावहरू संकलन गरिएको।
- अङ्क निर्धारण प्रक्रियाको पुनः परीक्षण (re-verification) गर्दै आवश्यक परामर्श तथा सहमति आधारित सुधारहरू गरिएको।

यस प्रकारको प्रत्यक्ष संवाद तथा परामर्श प्रक्रियाले लैससास परीक्षणलाई अधिक वस्तुगत, निष्पक्ष तथा प्रमाण–आधारित बनाउन सहयोग पुर्‍याएको छ।

जगदिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

**(घ) अङ्क मापन**

- स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०७७ मा उल्लेख गरिएको तालिका–१ को मापदण्डअनुसार सूचकहरूको मूल्याङ्कन गरिएको छ।
- प्रत्येक सूचकमा गरिएको स्व–मूल्याङ्कनलाई औसत अङ्कमा रूपान्तरण गरी अङ्क विभाजन तथा वर्गीकरण गरिएको छ।
- उक्त प्रणालीमार्फत नगरपालिकाको समग्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) अवस्थाको गुणात्मक तथा मात्रात्मक दुवै दृष्टिकोणबाट मूल्याङ्कन सम्भव भएको छ।

**थप समावेश गरिएका पक्षहरू:**

- परीक्षणको निष्कर्षले चन्द्रागिरी नगरपालिकाद्वारा अवलम्बन गरिएका समावेशी अभ्यासहरूलाई संस्थागत गर्दै तिनको दिगोपन सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुर्‍याएको छ।
- मूल्याङ्कनबाट प्राप्त सुझावहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीति तथा बजेटगत प्रतिबद्धता जनाउने तयारी गरिएको छ।
- परीक्षणका आधारमा पहिचान गरिएका सुधारका क्षेत्रहरूलाई आगामी नीति निर्माण तथा कार्यान्वयन प्रक्रियामा प्राथमिकताका साथ समावेश गर्ने स्पष्ट रणनीतिक दिशा तय गरिएको छ।

निष्कर्षतः, यस लैससास परीक्षणले चन्द्रागिरी नगरपालिकाको समावेशी शासन अभ्यासको वस्तुगत तथा प्रणालीगत मूल्याङ्कन मात्र नभई आगामी वर्षहरूका लागि सुधारमुखी, समावेशी तथा प्रभावकारी कार्ययोजना निर्माणको महत्वपूर्ण आधार समेत प्रदान गरेको छ।

## ७. लैससास परीक्षण: अङ्क विभाजन प्रक्रिया

स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०७७ को प्रावधानअनुसार मूल्याङ्कनका लागि निर्धारण गरिएका सूचकहरूमा नगरपालिकाको प्रदर्शनको आधारमा अङ्क प्रदान गरिएको छ। उक्त निर्देशिकामा उल्लेखित मापदण्डअनुसार उत्कृष्ट कार्यान्वयन भएको अवस्थामा १ अङ्क, आंशिक रूपमा कार्यान्वयन भएको अवस्थामा ०.५ अङ्क, तथा कार्यान्वयन नभएको वा अत्यन्त न्यून प्रभावकारिता भएको अवस्थामा ० अङ्क प्रदान गर्ने व्यवस्था रहेको छ। यस प्रकारको अङ्कीय मापन प्रणालीले नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी कार्यसम्पादनको वस्तुगत, तुलनात्मक तथा प्रमाण–आधारित मूल्याङ्कन गर्न सहयोग पुर्‍याउँछ। साथै, यसले समावेशी अभ्यासहरूको वर्तमान अवस्था स्पष्ट रूपमा चित्रण गर्दै सुधारका क्षेत्रहरूको पहिचान तथा आगामी नीति निर्माण र कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी बनाउन महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ।

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

| क्र.सं. | सूचक र उपसूचकहरु | अङ्क | प्राप्त अङ्क |
|---|---|---|---|
| १ | **नीति, कानून, योजना** | २० | २० |
| १.१ | **नीति र कानूनमा समावेशिता र सहभागिता** | ८ | ८ |
| १.१.१ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन र समावेशी र सहभागितामूलक हुने गरे/नगरेको? | १ | १ |
| १.१.२ | स्थानीय सरकारले आफ्नो नीति, कानून, योजना जारी गर्नुभन्दा अगाडि लैससाको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गरे/नगरेको? | १ | १ |
| १.१.३ | स्थानीय सरकारको नीति र योजनामा लैगिंक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी विषयहरु समावेश भए/नभएको ? | १ | १ |
| १.१.४ | स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैगिंक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु छन्/छैनन्? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खारा व्यवस्था गरिएको वा नगरिएको) | १ | १ |
| १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएको ऐन, नियम तथा कार्यविधिमा महिला तथा बंचितमा परेका समुदाय अर्थात, लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ/छैन? | १ | १ |
| १.१.६ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा बंचितमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए/नमिलाएको? | १ | १ |
| १.१.७ | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहे/नरहेको? | १ | १ |

| | | | |
|---|---|---|---|
| १.१.८ | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे/नरहेको? | १ | १ |
| १.२ | **योजना तर्जुमा तथा कार्यान्वयन** | ८ | ७.५ |
| १.२.१ | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, उपलब्धी लक्ष्य समावेश गरिएको छ/छैन? | १ | १ |
| १.२.२ | गाउँपालिकारनगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा बंचितीकरणमा परेको समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष फाइदा पुग्ने गरी निश्चित प्रतिशत छुट्याउने गरे/नगरेको? | १ | १ |
| १.२.३ | स्थानीय सरकारको योजना सूची लक्षित समूहहरुको सक्रिय सहभागितामा तयार हुने र उनीहरुले छनोट गरेको योजना प्राथमिकीकरणमा पर्ने गरे/नगरेको (योजना तर्जुमा गर्दा गाउँ, वस्तीस्तरबाट आएका योजना कार्यक्रमहरुलाई समेटे र नसमेटेको परीक्षण)? | १ | ०.५ |
| १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा बंचितिकरणमा परेका समूहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भए/नभएको? | १ | १ |
| १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरुको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए/नगरिएको (तयारी प्रतिवेदन)? | १ | १ |
| १.२.६ | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजन हुने गरेर/नगरेको? | १ | १ |
| १.२.७ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र, समुदालाई प्रत्यक्ष लाभ पुग्नेगरी बने/नबनेको? | १ | १ |
| १.२.८ | स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरुको सहभागिता भए/नभएको र मुख्य कार्यकारी पदमध्ये एकमा जिम्मेवारी दिए/नदिएको ? | १ | १ |
| १.३ | **बजेट तर्जुमा तथा कार्यान्वयन** | ४ | ३.५ |
| १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपागंता भएका व्यक्ति, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न समूहहरुसँग बसेर समस्या केलाउने (विश्लेषण) गर्ने गरिएर नगरिएको? | १ | ०.५ |
| १.३.२ | स्थानीय सरकारका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमित रूपमा गर्न | १ | १ |

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| | बजेटको व्यवस्था गरिएर नगरिएको? | | |
| १.३.३. | परीक्षण पश्चात लैङ्गिक तथा सामावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरिए/नगरिएको? | १ | १ |
| १.३.४ | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समूहहरुको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरुको हितका कार्यक्रममा समयमै खर्च गरिए/नगरिएको? (बजेट तथा कार्यक्रमबीच भिडान) | १ | १ |
| २ | संस्थागत व्यवस्था | २० | |
| २.१ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | ३.५ |
| २.१.१ | स्थानीय सरकारको निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरुको समानरुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ/छैन? | १ | १ |
| २.१.२ | स्थानीय सरकारका कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरुको समावेशी सामानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिइएको छ/छैन? | १ | १ |
| २.१.३ | स्थानीय सरकारले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको/नगरेको? | १ | ०.५ |
| २.१.४ | जनप्रतिनिधिहरू तथा कर्मचारीहरुलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुने गरी र महिला तथा बंचितिकरणमा परेको.समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक विभेदको नीति लिएको/नलिएको? | १ | १ |
| २.२ | कार्यप्रणाली समावेशी | ४ | ४ |
| २.२.१ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ/छैन? | १ | १ |
| २.२.२ | स्थानीय सरकारमा लैगिंक विकास हेर्ने इकाईको व्यवस्था छ/छैन? (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिए/नगरिएको) | १ | १ |
| २.२.३ | स्थानीय सरकारबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुव्र्यवहार, भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ/छैन? | १ | १ |
| २.२.४ | योजना तर्जुमा समितिलाई सुझाव दिने दरतावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र यस समितिले वडा तहमा योजना सम्बन्धित छलफल समावेशी भए नभएको अनुगमन गरे नगरेको? | १ | १ |
| २.३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ४ |

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| २.३.१ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बंचितिकरणमा परेका समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहे/नरहेको? | १ | १ |
| २.३.२ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बंचितिकरणमा परेका समुदायबाट प्रतिनिधिहरुले छलफल तथा निर्णय निर्माणमा स्वस्थ ढंगले भाग लिन पाए/नपाएको? | १ | १ |
| २.३.३ | स्थानीय तहमा संचालित कार्यक्रमहरुको अनुगमन र समीक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बंचितिकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे नगरेको? | १ | |
| २.३.४ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बंचितिकरणमा परेका समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरे नगरेको? | १ | १ |
| २.४ | **वित्त व्यवस्थापन प्रणालीमा समावेशिता** | ४ | ४ |
| २.४.१ | स्थानीय तहमा महिला विकास, लैगिंक हिंसा विरूद्ध, महिला सिप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि वार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुटै कोष स्थापना गरिएको नगरिएको? | १ | १ |
| २.४.२ | के आदिवासी जनजाति, दलित, अन्य लक्षित समुहका महिलाहरुको विकास र सशक्तिकरणको लागि बजेटको व्यवस्था भएको छ? उनीहरुको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ? | १ | १ |
| २.४.३ | के स्थानीय सरकारमा लैङ्गिक डेस्कको विकासको र आवश्यक मानवीय स्रोतहरुका लागि बजेटको व्यवस्था भएको छ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ? | १ | १ |
| २.४.४ | स्थानीय सरकारले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने वा नदिने गरेको? | १ | १ |
| २.५ | **तथ्याकं संकलन तथा व्यवस्थापन** | ४ | ४ |
| २.५.१ | के स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डिकृत सूचना तथा तथ्याकं संकलन तथा अध्यावधिक गर्ने गरेको छ? (लिगं, उमेर, जात, आर्थिक स्थिति आदि) (गाऊँ, नगर प्रोफाईल) | १ | १ |
| २.५.२ | स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना तथा तथ्याकं संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुटाछुटै नक्साकंन गर्ने गरे/नगरेको? (गाऊँ वा नगर प्रोफाईल) | १ | १ |
| २.५.३ | के स्थानीय सरकारले आफ्नो पाश्र्यचित्रमा आधारित खण्डीकृत तथ्याकं र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको छ? | १ | १ |
| २.५.४ | स्थानीय सरकारले आफ्नो क्षेत्रका सामाजिक सुरक्षा पाउनेहरू र पंजिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याकं अध्यावधिक गर्ने गरे | १ | १ |

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| | नगरेको? | | |
| ३. | मानव संसाधन तथा क्षमता विकास | २० | |
| ३.१ | मानव संसाधन तथा क्षमता विकास | ८ | ६.५ |
| ३.१.१ | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे नगरेको र छुटै शिर्षकमा बजेट विनियोजना भए/नभएको र यस्तो रकम खर्च गर्ने कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आए/नआएको? | १ | |
| ३.१.२ | स्थानीय सरकारका पदाधिकारी र कर्मचारीहरुले लैगिंक हिंसा सम्बन्धी तालिम लिएका छन् छैनन्? र तालिम कार्यक्रममा लक्षित समूह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता गरिएको थियो वा थिएन? | १ | १ |
| ३.१.३ | तालिमका विषयवस्तुको प्रस्तुतीकरणमा लैगिंक संवेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ/छैन? | १ | १ |
| ३.१.४ | महिला तथा लक्षित समुहका पदाधिकारीको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता तालिम, भ्रमण) छन्/छैनन्? सो अनुसारको बजेट विनियोजना गरिएको छ/छैन? | १ | १ |
| ३.१.५ | के स्थानीय सरकारमा लैगिंक समानता तथा सामाजिक समावेशी सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय स्रोत छन्? (विषयगत तालिम प्राप्त जनशक्ति संख्या) | १ | १ |
| ३.१.६ | के स्थानीय सरकारमा मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइको व्यवस्था छ? | १ | ०.५ |
| ३.१.७ | महिला र बंचितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा संचालन कार्यक्रम रहे नरहेको र कार्यान्वयन भए नभएकको? (संचालित तालिम कार्यक्रम संख्या र उपस्थिति) | १ | ०.५ |
| ३.१.८ | महिला विकासका लागि भएका बेइजिगं घोषणा पत्रका बाह्रवटा प्रतिबद्धताहरुका बारेमा स्थानीय सरकारका पदाधिकारीहरु वा कर्मचारीहरुलाई जानकारी छ? सोको लागि अभिमुखीकरण गरिएको छ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | ०.५ |
| ३.२ | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | ३.५ |
| ३.२.१ | महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट बिनियोजन गरी कार्यक्रम समयमा नै सम्पन्न गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | १ |
| ३.२.२ | लैङ्गिक हिंसारहित गाउँ/नगरपालिका घोषणा गरेको छ? (घोषणा गरेको मिति) र महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ? (घटेका घटना संख्या लिइएका निर्णय) | १ | ०.५ |
| ३.२.३ | स्थानीय सरकारले महिला विरूद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु संचालन गर्ने गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति तथा निर्णय पुरितका) | १ | १ |

जगदिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| ३.२.४ | के स्थानीय सरकारले समाजमा रहेका विभिन्न कुसंस्कार जस्तै (जातिगत छुवाछुत, छाउपडी, बालविवाह, बहुविवाह, दाइजो, आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरु संचालन गर्ने गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | १ |
| ३.३ | कानूनी साक्षरता | ४ | |
| ३.३.१ | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरू र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, मुलुकी संहिताहरु, विषयगत कानूनहरु, पालिकाले जारी गरेका कानूनहरु र अन्य प्रचलित महत्वपूर्ण कानूनहरुको बारेमा अभिमुखीकरण गर्ने गरे/नगरेको? | १ | १ |
| ३.३.२ | स्थानीय तहका कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानूनको मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्नुपर्ने मूल समस्या तथा सवाल लगायत मुख्य विषयवस्तुका सम्बन्धमा समय समयमा अभिमुखीकरण गर्ने गरे/नगरेको? | १ | १ |
| ३.३.३ | के महिलाहरुको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालित भएका छन्? (जस्तै: कानूनी हक अधिकार, एकल महिला, मानव बेचबिखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदिबारे अनुशिक्षण) | १ | १ |
| ३.३.४ | महिलाहरुको लागि संचालित कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालनबाट के उनीहरु लाभान्वित भएका छन्? (जस्तैः कानूनी हक अधिकार, एकल महिला, मानव बेचबिखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदिबारे अनुशिक्षण र यसको असर) | १ | १ |
| ३.४ | विपद व्यवस्थापनमा समावेशिता | ४ | ४ |
| ३.४.१ | स्थानीय सरकारले विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि स्वीकृत गर्दा महिला तथा बंचितिकरणमा परेका समुदायसँग परामर्श गरे/नगरेको र यस्ता दस्तावेजमा सिमान्तीकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान गरे/नगरेका ? | १ | १ |
| ३.४.२ | स्थानीयस्तरको विपद सम्बन्धी तथ्याकं संकलन, नक्सांकन तथा व्यवस्थापन गर्दा लाभान्वित समूहमा महिला तथा बंचितिकरणमा परेका समुदाय समेतको खण्डीकृत तथ्याकं राखी आपतकालीन कार्य संचालन तथा राहत वितरण गर्ने/नगरेको ? | १ | १ |
| ३.४.३ | समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धी कार्यगर्दा लाभान्वित समूहमा महिला तथा बंचितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्रथामिकतामा राखी गर्ने गरे/नगरेको? | १ | १ |
| ३.४.४ | विपद व्यवस्थापन कोषको स्थापना तथा संचालन स्रोत परिचालन गर्दा महिला तथा बंचितिकरणमा परेको समुदाय समेतको सहभागितामा निर्माण गर्ने/नगरेको? | १ | १ |

जग्दिश चन्द्र नेपाल
प्रमुख प्रशासकिय अधिक

| | | | |
|---|---|---|---|
| ४. | सेवा प्रवाह | २० | |
| ४.१ | पूर्वाधार विकास | ४ | ४ |
| ४.१.१ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्इङ डिजायन, लगत अनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपागंता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैङ्गिक, बाल र अपागं मैत्री/संवेदनशील संरचनाको प्रावधान सहित हुने गरे/नगरेको? | १ | १ |
| ४.१.२ | स्थानीय तहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य संरचनाहरु निर्माण गर्दा महिला, अपागंता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको छ/छैन? | १ | १ |
| ४.१.३ | स्थानीय तहले १५०० वर्गफिटभन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्वन्धी नक्सा स्वीकृत गर्दा महिला, अपांगता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गर्न निर्देशन दिने गरिएको छ/छैन? | १ | १ |
| ४.१.४ | स्थानीय तहले महिला तथा बंचितिकरणमा परेको समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जन विद्युत, विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण प्रोत्साहन गर्ने आयोजनाहरु रहे नरहेको? | १ | १ |
| ४.२ | प्रजनन् स्वास्थ्य | ४ | २.५ |
| ४.२.१ | गर्भवती महिलालाई जोखिमयुक्त खतरायुक्त काममा नलगाउने गरी वार्षिक नीति र कार्यक्रममा प्रजनन् स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश भए नभएको ? | १ | १ |
| ४.२.२ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवरथा र सोको व्यवस्थापन गरिएको छ छैन? | १ | ०.५ |
| ४.२.३ | परिवार नियोजन, मातृ शिशु कल्याण, विरतारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम लगायत महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरु संचालन गरिएका छन्? | १ | १ |
| ४.२.४ | महिला, गरिब, निमुखा र बंचितिकरणमा परेका व्यक्तिहरुको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए नभएको? | १ | 0 |
| ४.३ | शिक्षा कार्यक्रम | ४ | ३ |
| ४.३.१ | स्थानीय तहले आफ्नो पालिका भित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रबन्ध मिलाए नमिलाएको? | १ | ०.५ |
| ४.३.२ | स्थानीय तहले आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा बंचितिकरणमा परेका समूदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक र शैक्षिक सामाग्री तथा पोसाक उपलब्ध गराउन छात्रावृत्तिको व्यवस्था गरी निशपक्ष वितरण हुने प्रवन्ध मिलाए नमिलाएको? | १ | १ |
| ४.३.३ | निरक्षर महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु संचालित | १ | ०.५ |

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| | भए नभएका? (जस्तैः अभिभावक शिक्षा, प्रोढ तथा किशोरी कक्षाहरु, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि) (कार्यक्रम संख्या र पटक तथा सहभागी संख्या) | | |
| ४.३.४ | विद्यालय छात्र र छात्राको लागि छुटा छुटै शौचालय, किशोरी छात्राको लागि प्याड र यौन शिक्षा सहजीकरण कार्यक्रम संचालन हुने गरे नगरेको? | १ | १ |
| ४.४ | खानेपानी तथा सरसफाई | ४ | ३.५ |
| ४.४.१ | गाउँपालिका/नगरपालिकामा सफा पिउने पानी, साफासँग हात धुने व्यवस्था, महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था र स्यानीटाइजरको उपयोग गर्ने प्रवन्ध भए नभएको? | १ | १ |
| ४.४.२ | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुख्त पालिका, घरघरमा शौचालय, डाँडा र गौंडामा पोखरी, टोल सफाई अभियान जस्ता कार्यक्रम संचालन हुने गरे नगरेको? | १ | १ |
| ४.४.३ | कुहिने र नकुहिने घरायसी फोहोर छुटाउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसाबाली तथा गमला र फुलबारी जस्ता कायृक्रममा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबृद्धि कार्यक्रम संचालन हुने गरे नगरेको? | १ | १ |
| ४.४.४ | महिलाहरु बढीमात्रामा संलग्न हुने कार्यमा सफापानीको सहज व्यवस्थाका लागि स्थानीय महिलाहरुको सक्रिय सहभागितामा आकासेपानी संकलन र भण्डारण, परम्परागत इनार कुवाको पुनर्जीविकरण र रिचार्जिङ कार्यक्रम संचालन हुने गरे नगरेको? | १ | ०.५ |
| ४.५ | स्वरोजगार, आयआर्जर र बजार व्यवस्थापन | ४ | ३ |
| ४.५.१ | स्थानीय सरकारको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साकंनको समेत आधार लिई महिला तथा बंचितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु राख्ने र वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ/छैन ? | १ | १ |
| ४.५.२ | स्थानीय सरकारको स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा बचिंतिकरणमा परेको समुदायको क्षमता विकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने गरे नगरेको? (कार्यक्रम संख्या र उपस्थिति) | १ | १ |
| ४.५.३ | ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी परिचालक तयार गर्ने गरे नगरेको? (मनोनयन, नियुक्ति वा गठन र तालिम सम्बन्धी सुचकांक) | १ | १ |
| ४.५.४ | गरिब तथा बचिंतिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथमूल्य सहकारी पसलहरुको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए नभएको? | १ | 0 |
| ५ | सुशासन | २० | |

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| ५.१ | सुशासन तथा उत्तरदायित्व | ४ | ४ |
| ५.१.१ | स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका विषयमा कार्यपालिका तथा सभाबाट नीति, कानून जारी गरी सोही कानून बमोजिम सम्बन्धित अधिकारीबाट निर्णय गरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कामकाज हुने गरेको? | १ | १ |
| ५.१.२ | स्थानीय तहले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरुद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निशपक्षता र महिला तथा बंचितिकरणमा परको समुदायलाई अग्राधिकार जस्ता नीति कार्यान्वयमा ल्याए नल्याएको? | १ | १ |
| ५.१.३ | महिला विकासका लागि भएका बेइजिगं घोषण पत्रका बाह्रवटा प्रतिबद्धताहरुका क्षेत्रका कार्यक्रम तय गरी कार्यान्वय गर्ने गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | १ |
| ५.१.४ | संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी, १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वय गर्न कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेको छ? | १ | १ |
| ५.२ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ४ |
| ५.२.१ | स्थानीय सरकारले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्न गरे नगरेको ? | १ | १ |
| ५.२.२ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बंचितिकरणमा परेका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे नगरेको ? | १ | १ |
| ५.२.३ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बंचितिकरणमा परेका व्यक्ति तथा समुदायका तर्फबाट स्थानीय सरकारले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयनका विषयमा आवाज उठ्ने गरे नगरेको र यसरी उठेको प्रश्न उपर स्थानीय सरकारबाट सम्बोधन हुने गरे नगरेको ? | १ | १ |
| ५.२.४ | स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए नल्याएको? | १ | १ |
| ५.३ | सूचना तथा संचार | ४ | ३ |
| ५.३.१ | स्थानीय सरकारले नियमितरुपम समग्र वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे नगरेको र महिला, बालबालिका तथा आदिवासी जनजाति, मधेशी, मुश्लिम, पछाडिपारिएको समुदाय, दलित, अपागंता भएका व्यक्तिहरु, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिक गरे नगरेको ? | १ | १ |

| | | | |
|---|---|---|---|
| ५.३.२ | स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे नगरेको ? | १ | ० |
| ५.३.३ | के स्थानीय सरकारले स्थानीय रेडियो, एफएम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैगिंक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ? | १ | १ |
| ५.३.४ | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिवासी, जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग) अपागंता भएका व्यक्तिहरु, जेष्ठ नागरिक लगायत अनय लक्षित समुहहरुको सूचना, शिक्षा, तथा संचारसम्बन्धी कार्यक्रमहरुको प्रवाहबाट यी वर्गहरुको जनचेतनामा बृद्धि भएको छ? (आधार तथ्याकंसँग समेत तुलना गर्न सकिने) | १ | १ |
| ५.४ | अनुगमन तथा मूल्याकंन | ४ | ३.५ |
| ५.४.१ | के कार्यक्रम तथा परियोजना कार्यान्वियबाट सम्बन्धित समुदायले पूरा लाभ लिन सकेको छ? | १ | १ |
| ५.४.२ | के स्थानीय सरकारले संचालन गरेका कार्यक्रमको अनुगमन, मूल्याकंन गर्दा लैगिंक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमहरुको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ? | १ | ०.५ |
| ५.४.३ | के स्थानीय सरकारको समीक्षा बैठकमा महिला, बालबालिका, सबै जातजातिका विपन्न वर्ग (आदिवासी, जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग) अपागंता भएका व्यक्तिहरु जेष्ठनागरिक लगायतलाई लक्षित कार्यक्रममाथि छलफल गर्ने गरेको छ? | १ | १ |
| ५.४.४ | के अनुगमन तथा मूल्याकंनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | १ | १ |
| ५.५ | **समन्वय र सम्बन्ध विस्तार** | ४ | ४ |
| ५.५.१ | स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेका नीति, कानून, तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरे नगरेको ? | १ | १ |
| ५.५.२ | लैगिंक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरुबीच संजाल बनी कार्यगत छलफल तथा यस क्षेत्रको विकासका लागि नियमितरुपमा कार्य हुने गरे नगरेको ? | १ | १ |
| ५.५.३ | लैगिंक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरुबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरुलाई लैगिंक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिमहरु प्रदान गर्ने गरेको नगरेको? | १ | १ |
| ५.५.४ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय | १ | १ |

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| | सुरक्षा परिषद्बाट पारित प्रस्तावना नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्यायोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने गरे नगरेको? | | |

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश

## ८. कुल अंक संख्या

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण (लैससास) अन्तर्गत निर्धारण गरिएका सूचक तथा उपसूचकहरूमा नगरपालिकाले हासिल गरेको अङ्कभारको समग्र विश्लेषण गरी कुल प्राप्ताङ्क गणना गरिएको हो। उक्त परीक्षणका आधारमा चन्द्रागिरी नगरपालिकाले विभिन्न सूचक तथा उपसूचकहरूमा प्राप्त गरेको अङ्क तथा कार्यसम्पादनको अवस्था निम्नानुसार प्रस्तुत गरिएको छ।

जगदिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत


| सूचक | सूचकहरु | उपसूचकहरु | प्राप्ताङ्क अङ्क | कुल अङ्क |
|---|---|---|---|---|
| १ | नीति, कानून, योजना | १.१ , १.२ र १.३ | ८ + ७.५ + ३.५ | १९ |
| २ | संस्थागत व्यवस्था | २.१ , २.२ , २.३ , २.४ र २.५ | ३.५ + ४ + ४ + ४ + ४ | १९.५ |
| ३ | मानव संसाधन तथा क्षमता विकास | ३.१ , ३.२ , ३.३ र ३.४ | ६.५ + ३.५ + ४ + ४ | १८ |
| ४ | सेवा प्रवाह | ४.१ , ४.२ , ४.३ , ४.४ र ४.५ | ४ + २.५+ ३ + ३.५+३ | १६ |
| ५ | सुशासन तथा उत्तरदायित्व | ५.१ , ५.२ , ५.३ , ५.४ र ५.५ | ४ + ४ + ३ +३.५+ ४ | १८.५ |
| | | | कुल प्राप्ताङ्क | ९१ |

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश

## ९. माकुरी जालोको चित्र

माथि उल्लेखित प्राप्त अङ्कहरू माकुरी जालो चित्रमा उतारी तलको रूपमा प्रस्तुत गरिएको छ।

**जगदिश चन्द्र नेपाली**
**प्रमुख प्रशासकिय अधिकृत**



## १०. सकारात्मक पक्ष र सुधारका क्षेत्रहरू

चन्द्रागिरी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका क्रममा संकलित तथ्याङ्क, प्राप्त विवरणहरू तथा सरोकारवालाहरूसँग गरिएको छलफलबाट गरिएको विश्लेषणका आधारमा देखिएका सवल पक्षहरू र सुधार आवश्यक पक्षहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छः-

[illegible]श चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

### १०.१ नीति, कानून, योजना

#### १०.१.१ नीति र कानूनमा समावेशिता र सहभागिता

पूर्णाङ्कः ८ | प्राप्ताङ्कः ८

सवल पक्षः

- नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कानुनी प्रावधानहरू पूर्ण रूपमा कार्यान्वयन गरेको देखिन्छ।
- नीति निर्माण प्रक्रियामा लक्षित समूहहरूको सहभागिता सुनिश्चित भएको छ।
- समावेशीकरणका आधारभूत मापदण्डहरू पूर्ण रूपमा पालना गरिएको पाइन्छ।

सुझावः

- प्राप्त उपलब्धिलाई दिगो बनाउन नियमित नीति पुनरावलोकन गर्ने व्यवस्था गर्नुपर्छ।
- नीति कार्यान्वयनको प्रभाव मूल्याङ्कन प्रणालीलाई थप सुदृढ गर्न आवश्यक छ।
- समावेशी नीतिहरूको कार्यान्वयन स्थानीय तहसम्म प्रभावकारी रूपमा पुग्ने सुनिश्चित गर्नुपर्छ।

#### १०.१.२ योजना तर्जुमा तथा कार्यान्वयन

पूर्णाङ्कः ८ | प्राप्ताङ्कः ७.५

सवल पक्षः

- योजना तर्जुमा प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशी दृष्टिकोण राम्रो रूपमा समेटिएको छ।
- अधिकांश योजना कार्यान्वयन प्रभावकारी रूपमा सम्पन्न भएको देखिन्छ।
- सरोकारवालाको सहभागिता योजनामा उल्लेखनीय रहेको छ।

सुझावः

- योजना तर्जुमा प्रक्रियामा अझ बढी विपन्न तथा पछाडि परेका वर्गको अर्थपूर्ण सहभागिता बढाउनुपर्छ।
- कार्यान्वयन चरणमा निगरानी तथा अनुगमन प्रणालीलाई अझ बलियो बनाउन आवश्यक छ।
- योजना परिणाम (outcome) मापन गर्ने स्पष्ट सूचकहरू विकास गर्नुपर्छ।

### १०.१.३ बजेट तर्जुमा तथा कार्यान्वयन

पूर्णाङ्कः ४ | प्राप्ताङ्कः ३.५

सवल पक्षः

- बजेट तर्जुमा प्रक्रियामा लैङ्गिक तथा समावेशी दृष्टिकोण समेटिएको छ।
- बजेट विनियोजनमा समावेशी कार्यक्रमहरूलाई प्राथमिकता दिइएको देखिन्छ।
- कार्यान्वयन पक्ष सन्तोषजनक रहेको छ।

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

सुझावः

- बजेट विनियोजनलाई अझ बढी लक्षित समूहकेन्द्रित (targeted) बनाउन आवश्यक छ।
- खर्चको पारदर्शिता र लैङ्गिक असर विश्लेषण (gender budget audit) लाई नियमित गर्नुपर्छ।
- कार्यक्रमगत बजेट कार्यान्वयनको प्रभावकारिता बढाउन नतिजामुखी (result-based) बजेट प्रणाली अपनाउनुपर्छ।

## १०.२ संस्थागत व्यवस्था

### १०.२.१ कर्मचारी पदाधिकारी प्रतिनिधित्व

पूर्णाङ्कः ४ | प्राप्ताङ्कः ३.५

सवल पक्षः

- कर्मचारी तथा पदाधिकारी तहमा लैङ्गिक र सामाजिक समावेशी प्रतिनिधित्व सन्तोषजनक रहेको छ।
- समावेशीकरणको आधारमा केही हदसम्म प्रतिनिधित्व सुनिश्चित गरिएको पाइन्छ।

सुझावः

विभिन्न तहका कर्मचारी तथा पदाधिकारीमा समानुपातिक प्रतिनिधित्व अझ मजबुत बनाउन आवश्यक छ।

वञ्चित तथा पछाडि परेका समूहको पहुँच बढाउने नीति थप प्रभावकारी बनाउनुपर्छ।

### १०.२.२ कार्यप्रणाली समावेशी

पूर्णाङ्कः ४ | प्राप्ताङ्कः ४

सवल पक्ष:

- नगरपालिकाको कार्यप्रणाली पूर्ण रूपमा समावेशी देखिन्छ।
- सेवा प्रवाह तथा निर्णय प्रक्रियामा सबै वर्गको सहभागिता सुनिश्चित गरिएको छ।

सुझाव:

- प्राप्त उपलब्धिलाई निरन्तरता दिन डिजिटल तथा संस्थागत प्रणालीलाई अझ सुदृढ गर्नुपर्छ।

१०.२.३ समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ४

सवल पक्ष:

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

- समिति, उपसमिति र कार्यदलहरूमा समावेशी प्रतिनिधित्व पूर्ण रूपमा सुनिश्चित गरिएको छ।
- महिला तथा पछाडि परेका वर्गको सहभागिता प्रभावकारी रूपमा समेटिएको छ।

सुझाव:

- समावेशी प्रतिनिधित्वलाई गुणात्मक सहभागितामा रूपान्तरण गर्न क्षमता विकासमा जोड दिनुपर्छ।

१०.२.४ वित्त व्यवस्थापन प्रणालीमा समावेशिता

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ४

सवल पक्ष:

- वित्त व्यवस्थापन प्रणालीमा लैङ्गिक तथा सामाजिक समावेशी दृष्टिकोण पूर्ण रूपमा समेटिएको छ।
- बजेट विनियोजन तथा खर्च प्रणाली समावेशी मापदण्डअनुसार सञ्चालन भएको छ।

सुझाव:

- वित्तीय पारदर्शिता र नियमित सामाजिक लेखापरीक्षणलाई थप सुदृढ गर्नुपर्छ।

१०.२.५ तथ्याङ्क संकलन तथा व्यवस्थापन

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ४

सवल पक्ष:

- तथ्याङ्क संकलन तथा व्यवस्थापन प्रणाली समावेशी र प्रभावकारी रहेको छ।
- लैङ्गिक तथा सामाजिक आधारमा तथ्याङ्क छुट्याएर संकलन गर्ने अभ्यास राम्रो रूपमा स्थापित छ।

सुझाव:

- तथ्याङ्कको नियमित अद्यावधिक र डिजिटल प्रणालीमा एकीकृत व्यवस्थापनलाई अझ सुदृढ गर्नुपर्छ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

१०.३ मानव संसाधन तथा क्षमता विकास

१०.३.१ मानव संसाधन तथा क्षमता विकास

पूर्णाङ्क: ८ | प्राप्ताङ्क: ६.५

सवल पक्ष:

जगदिश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत

- नगरपालिकामा मानव संसाधन तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन्।
- कर्मचारी तथा पदाधिकारीको सीप विकास र तालिममा केही हदसम्म प्रगति भएको देखिन्छ।

सुझाव:

- नियमित र प्रणालीगत क्षमता विकास तालिमलाई थप विस्तार गर्नुपर्छ।
- लक्षित समूहअनुसार व्यावसायिक र प्राविधिक सीप विकास कार्यक्रम बढाउन आवश्यक छ।

१०.३.२ अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ३.५

सवल पक्ष:

- कुसंस्कार तथा हानिकारक सामाजिक मूल्य–मान्यताविरुद्ध जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएका छन्।
- समुदायमा सकारात्मक सोच विकास गर्ने प्रयास गरिएको छ।

सुझाव:

- जनचेतनामूलक कार्यक्रमलाई अझ व्यापक र निरन्तर बनाउनुपर्छ।
- विद्यालय, समुदाय र स्थानीय संघसंस्थासँग सहकार्य बढाउन आवश्यक छ।

१०.३.३ कानूनी साक्षरता

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ४

सवल पक्ष:

२०८२/०८/०८

- कानूनी साक्षरता सम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भई पूर्ण उपलब्धि हासिल भएको छ।
- नागरिकमा कानूनी ज्ञान र अधिकारबारे सचेतना राम्रो रूपमा बढेको छ।

सुझाव:

- प्राप्त उपलब्धिलाई निरन्तरता दिन नियमित कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ।

१०.३.४ विपद व्यवस्थापनमा समावेशिता

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ४

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

सवल पक्ष:

- विपद व्यवस्थापन प्रणालीमा लैङ्गिक तथा सामाजिक समावेशिता पूर्ण रूपमा सुनिश्चित गरिएको छ।
- विपद प्रतिकार्य तथा राहत वितरणमा सबै वर्गको पहुँच सुनिश्चित गरिएको छ।

सुझाव:

- विपद पूर्वतयारी र जोखिम न्यूनीकरणमा समुदाय स्तरको सहभागिता अझ बढाउनुपर्छ।

१०.४ सेवा प्रवाह

१०.४.१ पूर्वाधार विकास

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ४

सवल पक्ष:

- पूर्वाधार विकासका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भई पूर्ण उपलब्धि हासिल भएको छ।
- समावेशी दृष्टिकोणअनुसार पूर्वाधार सेवामा सबै वर्गको पहुँच सुनिश्चित गरिएको छ।

सुझाव:

- पूर्वाधारको दीगो मर्मतसम्भार र गुणस्तर सुनिश्चिततामा अझ जोड दिनुपर्छ।

१०.४.२ प्रजनन् स्वास्थ्य

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: २.५

सवल पक्ष:

२०८१/०८/०८

- प्रजनन् स्वास्थ्य सम्बन्धी केही सचेतनामूलक तथा सेवा कार्यक्रमहरू सञ्चालन भएका छन्।
- लक्षित समूहमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने प्रयास गरिएको छ।

सुझाव:

- प्रजनन् स्वास्थ्य सेवा पहुँच र गुणस्तर बढाउन विशेष कार्यक्रम विस्तार गर्नुपर्छ।
- ग्रामीण तथा जोखिमयुक्त समूहमा नियमित स्वास्थ्य शिक्षा र सेवा सुनिश्चित गर्न आवश्यक छ।

१०.४.३ शिक्षा कार्यक्रम

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ३

सवल पक्ष:

- शिक्षा कार्यक्रमहरू समावेशी दृष्टिकोणसहित सञ्चालन भएका छन्।
- विद्यालय तहमा पहुँच र सहभागिता विस्तार गर्ने प्रयास गरिएको छ।

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

सुझाव:

- गुणस्तरीय शिक्षा सुधार र विद्यार्थी निरन्तरता (retention) मा विशेष ध्यान दिनुपर्छ।

१०.४.४ खानेपानी तथा सरसफाइ

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ३.५

सवल पक्ष:

- खानेपानी तथा सरसफाइ सम्बन्धी सेवाहरूमा उल्लेखनीय सुधार भएको छ।
- समुदायमा सुरक्षित खानेपानी र सरसफाइ पहुँच विस्तार गरिएको छ।

सुझाव:

- दिगो पानी स्रोत व्यवस्थापन र सरसफाइ पूर्वाधारलाई अझ मजबुत बनाउन आवश्यक छ।

१०.४.५ स्वरोजगार, आयआर्जन र बजार व्यवस्थापन

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ३

सवल पक्ष:

- स्वरोजगार तथा आयआर्जनका कार्यक्रमहरू सञ्चालन भई केही हदसम्म रोजगारी सिर्जना भएको छ।
- स्थानीय उत्पादनको बजार पहुँच विस्तार गर्ने प्रयास गरिएको छ।

सुझाव:

- सीपमूलक तालिम र उद्यमशीलता विकास कार्यक्रमलाई अझ विस्तार गर्नुपर्छ।
- स्थानीय उत्पादनको बजार व्यवस्थापन र मूल्य श्रृंखला (value chain) सुधार गर्न आवश्यक छ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकिय अधिकृत

## १०.५ सुशासन

### १०.५.१ सुशासन तथा उत्तरदायित्व

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ४

सवल पक्ष:

- नगरपालिकाले सुशासन, पारदर्शिता तथा उत्तरदायित्वका सिद्धान्तहरू प्रभावकारी रूपमा कार्यान्वयन गरेको देखिन्छ।
- सेवा प्रवाह तथा निर्णय प्रक्रियामा जवाफदेहिता र नागरिकमुखी अभ्यास सुनिश्चित गरिएको छ।

सुझाव:

- सुशासनका असल अभ्यासहरूलाई संस्थागत गर्दै निरन्तर सुधार र नवप्रवर्तनलाई प्रोत्साहन गर्नुपर्छ।

### १०.५.२ उत्तरदायित्व र जवाफदेहिता

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ४

सवल पक्ष:

- नगरपालिकामा उत्तरदायित्व तथा जवाफदेहितासम्बन्धी प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भएको छ।
- जनप्रतिनिधि तथा कर्मचारीहरूको कार्यसम्पादनप्रति जवाफदेहिता कायम गरिएको छ।

सुझाव:

- नागरिक गुनासो व्यवस्थापन तथा सार्वजनिक सुनुवाइका अभ्यासलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिनुपर्छ।

### १०.५.३ सूचना तथा सञ्चार

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ३

सवल पक्ष:

- नगरपालिकाले सूचना प्रवाह तथा सञ्चारका माध्यमहरूको प्रयोग गर्दै नागरिकलाई जानकारी उपलब्ध गराएको छ।
- सूचनामा नागरिकको पहुँच अभिवृद्धि गर्ने प्रयास गरिएको छ।

सुझाव:

- सूचना प्रवाहलाई थप समयानुकूल, पहुँचयोग्य र प्रविधिमैत्री बनाउन आवश्यक छ।
- लक्षित वर्गसम्म सूचना पुग्ने सुनिश्चित गर्न बहुभाषिक तथा समावेशी सञ्चार प्रणालीलाई सुदृढ गर्नुपर्छ।

१०.५.४ अनुगमन तथा मूल्याङ्कन

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ३.५

सवल पक्ष:

- कार्यक्रम तथा योजनाहरूको अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा सञ्चालन भएको छ।
- नतिजामुखी व्यवस्थापनका लागि आवश्यक अनुगमन अभ्यासहरू अवलम्बन गरिएको छ।

सुझाव:

- अनुगमन तथा मूल्याङ्कनका निष्कर्षहरूलाई नीति तथा योजना सुधारसँग थप प्रभावकारी रूपमा आबद्ध गर्नुपर्छ।
- सहभागितामूलक अनुगमन प्रणालीलाई अझ सुदृढ बनाउन आवश्यक छ।

१०.५.५ समन्वय र सम्बन्ध विस्तार

पूर्णाङ्क: ४ | प्राप्ताङ्क: ४

सवल पक्ष:

- नगरपालिकाले विभिन्न सरकारी, गैरसरकारी तथा सामुदायिक निकायहरूसँग प्रभावकारी समन्वय र सहकार्य कायम गरेको छ।
- साझेदारीमार्फत कार्यक्रम कार्यान्वयन र स्रोत परिचालनमा सकारात्मक उपलब्धि हासिल भएको छ।

सुझाव:

- अन्तरनिकाय समन्वय र साझेदारीका सफल अभ्यासहरूलाई संस्थागत गर्दै थप विस्तार गर्नुपर्छ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत

## ११. निष्कर्ष

चन्द्रागिरी नगरपालिकाको आर्थिक वर्ष २०८२–२०८३ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) तथा लैङ्गिक उत्तरदायी बजेट (GRB) परीक्षणको समग्र विश्लेषणका आधारमा नगरपालिकाले नीति, योजना, संस्थागत व्यवस्था, सेवा प्रवाह तथा सुशासनका अधिकांश क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको देखिन्छ।

विशेषगरी नीति तथा कानून निर्माण, कार्यप्रणाली, समिति–उपसमिति प्रतिनिधित्व, वित्त व्यवस्थापन प्रणाली, तथ्याङ्क व्यवस्थापन, सुशासन तथा समन्वय जस्ता क्षेत्रहरूमा पूर्ण अङ्क प्राप्त गर्नुले नगरपालिकामा समावेशी शासन प्रणाली मजबुत रूपमा संस्थागत हुँदै गएको संकेत गर्दछ। यसले निर्णय प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशिता उच्च स्तरमा स्थापित भएको पुष्टि गर्दछ।

योजना तर्जुमा, बजेट व्यवस्थापन, मानव संसाधन विकास, सूचना प्रवाह तथा केही सेवा क्षेत्रहरूमा भने मध्यम स्तरको प्रगति देखिन्छ, जसले सुधारको सम्भावना अझै बाँकी रहेको संकेत गर्दछ। विशेषगरी प्रजनन् स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार, र आयआर्जन तथा बजार व्यवस्थापन जस्ता क्षेत्रमा लक्षित समूहको पहुँच, गुणस्तर र प्रभावकारिता बढाउन थप प्रयास आवश्यक देखिन्छ।

समग्रमा, चन्द्रागिरी नगरपालिका GESI तथा GRB कार्यान्वयनमा सन्तोषजनकदेखि उत्कृष्ट स्तरमा रहेको छ। तथापि, प्राप्त उपलब्धिहरूलाई दिगो बनाउन नतिजामुखी कार्यान्वयन, लक्षित समूह केन्द्रित सेवा विस्तार, गुणस्तरीय अनुगमन प्रणाली, र समावेशी नीतिहरूको प्रभावकारी कार्यान्वयनलाई अझ सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।

अन्ततः, आगामी वर्षहरूमा नगरपालिकाले समावेशी विकासलाई थप परिणाममुखी बनाउँदै "समावेशी, उत्तरदायी र न्यायपूर्ण स्थानीय शासन" को लक्ष्यतर्फ अझ मजबुत रूपमा अघि बढ्न सक्ने देखिन्छ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत

## ABBREVIATION

GESI: Gender Equality & Social Inclusion.

GRB: Gender Responsive Budgeting.

UN: United Nation.

CEDAW: Convention on the Elimination of all forms Discrimination Against Women.

UNDRIP: United Nations Declaration on the Rights of Indigenous Peoples.

SDGs: Sustainable Development Goals.

CRC: Convention on the Rights of the Child.